# तिलाठी कोइलाडी गाउँपालिकाको

आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

## तिलाठी कोइलाडी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### तिलाठी, सप्तरी

१० असार २०८३

**गाउँ सभा सदस्य ज्यूहरु**

संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकारलाई निरन्तरता दिन **"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र व्यवहार परिवर्तन विकासको मूल आधार"** नारालाई पूर्णता दिनका लागि सहकार्य र समन्वयलाई अझ मजबुत गर्दै हामी तिलाठी कोइलाडी गाउँपालिकाको चौधौं गाउँ सभामा उपस्थित भएका छौं । लोकतान्त्रिक गणतन्त्र तथा विभिन्न राजनैतिक परीवर्तनका निमित्त आफ्नो ज्यानको बलिदान दिने शहिदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दै परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु । मैले आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकार, प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालु योजना, दिगो विकास लक्ष्य, गाउँ सभा सदस्य तथा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकतालाई समेत ध्यान दिई गाउँपालिकाको गौरवका निमित्त नीति तथा कार्यक्रम पेश गर्दैछु ।

अब म आ.व. २०८३/०८४ को लागि यस तिलाठी कोइलाडी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

आर्थिक बर्ष ०८३/०८४ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराइएको स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा कार्यविधिलाई मूल आधार मानिएको छ ।

मैले नीति तथा कार्यक्रमहरु प्रस्ताव गर्दा संविधानमा उल्लेख भएका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु यस अधिवेशनमा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, विभिन्न चरणमा प्राप्त सल्लाह र सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । बार्षिक वजेट, नीति तथा कार्यक्रम तय गर्दा शिक्षा, स्वास्थ्य, कृषि, रोजगार क्षेत्र र विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छु ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

तिलाठी कोइलाडी गाउँपालिकालाई **"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधार"** भन्ने मूल नारा अनुरुप **सुन्दर, समुन्नत र समृद्ध** बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु तय गरिएको अवगत गराउँदछु ।

**(१) आर्थिक विकास**

- **आत्मनिर्भर महिला समृद्ध गाउँपालिका**को परिकल्पनालाई साकार पार्न महिलालाई आत्मनिर्भर बनाउन विभिन्न विकास साझेदारहरुसँगको सहकार्य, समन्वय तथा सहयोगमा रोजगारमुलक, सीपमुलक तथा आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- फलफुल तथा फुल खेती प्रबर्द्धन गरिनेछ र यसका लागि विकास साझेदार संस्थाहरुसँग समन्वय, सहकार्य तथा सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारलाई सुरक्षित बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरुलाई लक्षित गरी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- ब्यवसायिक रुपमा पशुपालन ब्यवसाय गर्ने कृषकलाई सहकारी संस्थामार्फत ५० प्रतिशत निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कृषिलाई ब्यवसायिक तथा उत्पादनमुखी बनाउन गहुँ, धान र प्लाष्टिकको स्प्रेयर ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु स्वास्थ्य उपचारका लागि घरदैलो घुम्ती सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई स्वरोजगारमा वृद्धि गरिनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारीलाई थप ब्यवस्थित, मर्यादित एवं भरपर्दो बनाउन गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।
- बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्ति तथा बेरोजगार ब्यक्तिहरुलाई लक्षित गरी सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।

- पशुमा लाग्ने र लाग्न सक्ने रोगहरूको निराकरणको लागि भ्याक्सिनेसनको कार्यक्रम अभियानको रूपमा संचालन गरिनेछ ।
- सहकारी संस्थाहरूको नियमन गर्दै कृषि तथा गैरकृषि सहकारी संस्थाहरूको क्षमता विकास तथा प्रवर्द्धन गरी उत्पादन बढाईनेछ ।
- बिषयगत सहकारी संस्थाहरूको संस्थागत तथा मानवीय संशाधनको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

## (२) सामाजिक विकास

क) बालबालिका

- **शिक्षित बालिका सुखी परिवार** कार्यक्रममार्फत बालिकाको शिक्षा तथा स्वास्थ्य सेवालाई सुदृढ गर्दै परिवारलाई सुखी तुल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला हिंसा विरूद्ध, सीप विकास, नेतृत्व विकास तथा क्षमता विकासका लागि कोष स्थापना गरी त्यसलाई महिलाको हितमा परिचालन गरिनेछ ।
- आदिवासी, जनजाति, दलित तथा अन्य लक्षित समुहका महिलाहरुको विकास, आयआर्जन तथा आत्मनिर्भरता र सशक्तिकरणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) यस बर्षबाट सुरूवात गरिनेछ ।
- बालश्रम मुक्त गाउपालिका बनाउन आवश्यक रणनीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- बालबालिकामा रहेको कुपोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ। साथै विद्यालय स्वास्थ्य पोषण कार्यक्रमलाई आधारभूत तहको विद्यालयबाटै कार्यान्वयन गरिनेछ।
- गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउन अभियानमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बालबालिकाको योजना, आवश्यकता र मागलाई सम्बोधन गर्न बालभेला कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिकाको सहभागिता, क्षमता विकास, नेतृत्व विकास लगायतको क्रियाकलापमा उनीहरुको सहभागिता बढाई योजना तर्जुमा प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ।

- समुदायमा आधारित वालक्लवहरूको क्षमता विकास गरी संस्थागत रूपमा सुदृढिकरण गरिनेछ ।

ख) **<u>महिला तथा किशोर किशोरी</u>**

- एकल महिलाहरुकालागि विभिन्न खाले सीप विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरि स्वरोजगारकालागि अभिप्रेरित गरिनेछ ।
- महिला हिंसा, लैंगिक हिंसा, दाइजो प्रथा, यौनजन्य हिंसा, घरेलु हिंसा, बालविवाह जस्ता सामाजिक कुरीतिहरुको निरुत्साहित गर्न सहयोग पुग्ने खालको कार्यक्रम तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- महिलाको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिने प्रावधानलाई निरन्तरता दिइनेछ ।
- महिलाहरुको सीपमा अभिवृद्धि गरी आयआर्जनमूलक कार्यक्रममा सहभागी गराइनेछ ।
- लैंगिक समानता अपांगता तथा सामाजिक समावेशीकरण(जेडसी) लाई अभियानको रुपमा लगिनुका साथै जेडसी रणनीति तयार गरि कार्यान्वयन गरिनेछ ।
- विकास साझेदार संस्थाहरुको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तयार गरिनेछ ।

ग) **<u>शिक्षा</u>**

- शिक्षामा दलित बालबालिकाको पहुच बढाउन तथा नियमितताका लागि शैक्षिक सामग्री वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उत्कृष्ट व्यवस्थापन र शैक्षिक नतिजा ल्याउन सफल हुने एक विद्यालय र दुई विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।
- विद्यालय बाहीर रहेका युवायुवतीहरलाइ शिक्षमा सहज पहुंचका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागु गरीनेछ ।
- अवकास प्राप्त प्रधानाध्यापक, शिक्षक तथा विद्यालयका कर्मचारीहरूलाई सम्मान गरिनुका साथै एसईईमा पालिकाभित्रका सामुदायिक विद्यालयबाट सर्वोत्कृष्ट अंक ल्याउने छात्र र छात्रालाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- बालविकास केन्द्रहरूको सुदृढिकरणमा जोड दिइनेछ । प्रारम्भिक बाल विकास केन्द्रहरूलाई नमूना बालविकास केन्द्रको रूपमा विकास गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- भौतिक अवस्था कमजोर रहेका विद्यालयहरूमा कक्षाकोठा निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गर्न चाहने दलित, गरिब तथा जेहेन्दार बालबालिकाका लागि आवश्यक छात्रवृत्तिको ब्यवस्था गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम संचालन गरिनेछ ।
- गुणस्तरीय शिक्षाकालागि बालमैत्री शिक्षण सिकाईको अवधारणालाई लागू गरिने छ ।
- आधारभूत तहका विद्यालयहरुलाई पनि ICT मैत्री बनाइ सामग्रीहरुको वितरण गरिनेछ ।
- शिक्षकको पेसागत दक्षता विकासका लागि विभिन्न तालिम, भ्रमण तथा अवलोकन कार्यक्रम राखिनेछ ।
- सबै सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गरी शिक्षकको उपस्थिति दरमा सुधार ल्याईनेछ ।
- बालबालिकालाई विभिन्न दिवस तथा कार्यक्रमहरु मनाउन र प्रोत्साहन स्वरुपका कार्यक्रमहरु ल्याइनेछ ।
- शिक्षकहरुलाई ICT तालिम दिई प्रविधिको प्रयोग मार्फत शिक्षण सिकाइ कार्यलाई प्राथमिकता दिइनेछ ।
- बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको थप प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई तिव्र रुपमा लागु गरि विद्यालयहरुलाई पृष्ठपोषण दिईनेछ ।

घ) **<u>स्वास्थ्य</u>**

- गुणस्तरीय स्वास्थ्य सेवा गाउँवासीहरुलाई सहजरुपमा पुग्ने गरी आधारभुत स्वास्थ्य सेवा (मातृ शिशु, परिवार स्वास्थ्य, बाल स्वास्थ्य, पोषण, बहिरंङ्ग सेवा, स्वास्थ्य शिक्षा आदि) निःशुल्क रुपमा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइने छ ।
- सुचिकृत गुणस्तरीय निःशुल्क औषधी, उपकरण र स्वास्थ्य सामग्रीको निरन्तर आपूर्ति र उपयोगितालाई सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजि क्षेत्र तथा अन्य संघ संस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

- गाउँपालिका अन्तर्गत कार्यरत महिला स्वयंसेविकाहरुको उत्प्रेरना अभिबृद्धि गरिनेछ। साथै साठी बर्ष पूरा गरेका महिला स्वास्थ्य स्वयंसेविकाहरुले स्वेच्छाले राजीनामा दिएमा नेपाल सरकारबाट प्राप्त सुविधा बराबर थप सुविधा प्रदान गरिने छ।
- स्वास्थ्यकर्मीहरुलाई आबश्यक विभिन्न बिषयगत तालिमहरुको ब्यवस्था मिलाइने छ।
- खोप कार्य संचालनलाई थप सुदृढ गर्न स्थायी रुपमा खोप केन्द्र निर्माण गरिनेछ। साथै पालिकालाई पूर्ण खोप पालिका घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- सुनौलौ हजार दिनका गर्भवती महिला, सुत्केरी तथा बालबालिकाहरुलाई मध्यनजर गरी बहुक्षेत्रीय पोषण कार्यक्रम विशेष प्याकेजको रुपमा संचालन गरिने छ।
- जेष्ठ नागरिकहरुलाई घरदैलो जाँच कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- लागु पदार्थ नियन्त्रणका लागि विद्यालय तथा समुदाय तहमा स्वास्थ्य सम्बन्धि प्रशिक्षणको व्यवस्था मिलाइने छ।
- सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः बर्थिङ्ग सेन्टर संचालन गर्नुका साथै अधुरो रहेको बर्थिङ्ग सेन्टरहरुलाई पूर्णता दिइनेछ।
- गाउपालिका लगायत आसपासका गाउवस्तीहरूमा बसोबास गर्ने आम जनताहरूको स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवामा पहुंचका लागि १५ शैया अस्पताल संचालनका लागी आवश्यक कदम चालीनेछ ।

ङ) **खानेपानी तथा सरसफाई**

- खानेपानीको शुद्धता जाँचका लागि गाउँपालिकामा पानी जाँच ल्याब स्थापना गरी सञ्चालनमा ल्याइनेछ।
- दलित तथा विपन्न वस्तीहरुमा स्वच्छ खानेपानीको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- पालिकामा रहेका सबै कार्यालयहरु, शिक्षण संस्थाहरु र स्वास्थ्य संस्थाहरुमा निर्धारित मापदण्ड अनुसार खानेपानी, सरसफाइ र स्वच्छताको सुनिश्चित गरिनेछ।

- खानेपानी र सरसफाइ अन्तर्गत निर्माण हुने सबै प्रकारका संरचनाहरु बालमैत्री, लैगिंकमैत्री, अपांगतामैत्री र वाताबरणमैत्री हुने सुनिश्चित गरिनेछ ।
- आधारभुत खानेपानी सुविधा भएका वस्तीहरुलाई क्रमशः सुरक्षित खानेपानी समुदाय घोषणा गर्दै लगिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा खानेपानी तथा चर्पीको समुचित व्यवस्थापन गरिनेछ ।
- विद्यालय तथा समुदायमार्फत समुदायको सहभागितामा सरसफाई अभियान सञ्चालन गरिनेछ ।

## च) विविध

- क्रिकेट खेलको विकासका लागि प्रशिक्षण शिविर सञ्चालन तथा पालिका स्तरीय टी २० क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- संयुक्त राष्ट्रसंघीय निकायहरु, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार गैर सरकारी संस्थाहरुसँगको सहयोग, सहकार्य तथा समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- खाद्य पदार्थहरुको गुणस्तर र शुद्धता सुनिश्चित गर्न सम्बन्धित निकायहरु संग समन्वय गरी निरन्तर बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।
- खेलकुद क्षेत्रको विकासकालागि कार्यक्रम बनाई विभिन्न निकायहरुसँग सहकार्य एवम् समन्वयमा कार्यान्वयन गरिने छ ।
- गरिब लक्षित विशेष कार्यक्रम सञ्चालन गरी गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता परिचय पत्र वितरण कार्यलाई थप ब्यवस्थित बनाउनुका साथै अपाङ्गता भएका ब्यक्तिहरुलाई लक्षित गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न विकास साझेदार संघसंस्थाहरुसँग मिलेर अपाङ्गता पार्श्वचित्र निर्माण गरिनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्था तथा विद्यालयहरुलाई प्रविधिमैत्री बनाइनेछ ।
- पत्रकारिता जगतको संस्थागत विकासका साथै क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

- मैथिली साहित्य, भाषा, सँस्कृति क्षेत्रको संस्थागत तथा समुचित विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका भित्र रहेको सार्बजनिक संरचनाहरु (जस्तै पालिका भवन, स्वास्थ्य चौकी, बिद्यालय भवन, अन्य) लाई अपांगतामैत्री बनाइने छ ।
- विपदको जोखिमबाट प्रभावित बर्गको रुपमा रहेको अपांगता भएका व्यक्तिहरुको लागि विपद पूर्वतयारी तथा प्रतिकार्यको लागि बिभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- गाउंपालिकामा विभिन्न आ.व. हरूमा विभिन्न खरीद प्रकृया द्धारा निर्माण कार्य अगाडी बढेको तर बजेट अभाव लगायतका समस्याले पुर्णता नपाएका अधुरो भौतिक संरचनाहरूलाइ पुर्णता दइिनेछ ।
- कृषकहरूको खेतखेतमा सिचाईको सहज पहुंचका लागि गाउपालिकाको सवै वडामा कृषि विद्युतीकरण कार्य गरीनेछ ।
- गाउपालिकाको समग्र आर्थिक विकास तथा आन्तरीक श्रोत राजश्वमा बृद्धीका लागि गाउपालिका भित्र रहेका पोखरी, तोपा मवेशी हाटबजार, विभिन्न गुदरी हाट बजार तथा गिलेशन हरूको खुल प्रतिष्पर्धात्मक बोलपत्रको माध्यमले ठेक्का प्रकृया अगाडी बढाइनेछ
- आपांगता भएका तथा सुस्त मनस्थिती भएका छात्रछात्राहरूलाइ विशेष शिक्षको व्यवस्था मिलाइनेछ ।
- नेपाल सरकारको परीपत्र तथा गाउपालिका भित्र रहेको ऐलानी पर्ती जग्गा, सार्वजनिक जग्गा तथा गुठी लगायतका जग्गाहरूको अभिलेखीकरण गरी संरक्षण गरीनेछ ।
- गाउपालिकामा कर्मचारीहरूको कार्यसम्पादनका आधारमा मुल्यांकन गरी प्रोत्साहन तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- गाउपालिकाको दैनिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउनका लागि आवश्यक कार्यविधि तयार गरी कामकाज अगाडी बढाइनेछ ।

**(३) पूर्वाधार विकास**

- भवन निर्माण आचार संहिता र भवन निर्माण मापदण्डलाई अनिवार्य रुपमा लागू गरिनेछ ।

- गाउँपालिकाभित्र निर्माण गरिने सार्वजनिक संरचनाहरुहरु अपाङमैत्री, बालमैत्री तथा लैंगिकमैत्री बनाउन विशेष पहल गरिने छ ।
- भौतिक पुर्वाधार सम्बन्धी हरेक योजनाहरुमा योजनाको प्रकृति अनुसार जनसहभागिता सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय निर्माण सुनिश्चित गर्न निर्माण कार्यको गुणस्तर परीक्षणलाई अनिवार्य गर्नुका साथै अनुगमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।
- वडा कार्यालयहरुको अधुरो भवन निर्माण कार्यलाई पूरा गरी सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।
- पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज(DPR) तयारी आदि कार्यको मापदण्ड निर्धारण गरी प्राविधिक अध्ययन गरिनेछ । यस्तो कार्यमा प्रदेश, संघीय सरकार तथा विकास साझेदारसँग समन्वय गरी गाउपालिकाभित्र उचित संयन्त्र निर्माण र सहयोग परिचालन गरिनेछ ।
- साझेदारीमा संचालित योजना तथा कार्यक्रमको लागि आवश्यक समपुरक कोषको ब्यवस्था गरिनेछ ।
- बहुबर्षिय योजनाहरूलाई निरन्तरता दिइनेछ ।

**(४) वन वातावरण तथा विपद व्यवस्थापन**

- जलवायु परिवर्तनलाई ध्यानमा राखी पालिकाभित्र निजी जग्गामा वृक्षारोपण गर्न प्रोत्साहन गर्ने उद्देश्यले निजी वन प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयहरूलाई विपद्को जोखिमबाट मुक्त राख्न वृहत विद्यालय सुरक्षा योजना निर्माणका लागि आवश्यक तालिम संचालन गरी सुरक्षा योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- समुदायमा जलवायु परिवर्तनको कारण पर्ने गरेको असरलाई कम गर्न समुदाय स्तरमा विभिन्न खाले तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूमा चट्याङ प्रतिरोधी प्रणाली जडान गरिनेछ ।

- नदि उकास क्षेत्र, सार्वजनिक जग्गा तथा खोला किनार लगायत खाली जमीनमा वृक्षारोपण कार्यलाई वृहत रूपमा संचालन गरिनेछ ।
- विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषको रकमलाई थप गरिनेछ ।
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई अझ प्रभावकारी र सुविधा सम्पन्न बनाउन विभिन्न विकास साझेदारहरूसग समन्वय तथा सहकार्य गरिनेछ । देशका उत्कृष्ट केन्द्रहरूको अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- खाडो खोला, जिता, महुली, दानर, कोशी, भीमा लगायतका विभिन्न नदी तथा खोलाहरूबाट बर्षेनी आउने बाढीबाट हुन सक्ने क्षतिबाट बच्न विभिन्न किसिमका सचेतनामुलक कार्यक्रम तथा अल्पीकरणका योजनाहरू संचालन गरिनेछ ।
- बाढीबाट अत्यधिक प्रभावित वडाहरूमा पूर्वानुमानमा आधारित विपद जोखिम न्युनीकरण कार्यक्रम संचालन गरिनेछ ।
- बढ्दो गर्मीलाई ध्यानमा राखी विभिन्न विकास साझेदारहरूसग मिलेर आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।
- कक्षा ८ सम्म सामुदायिक तथा संस्थागत विद्यालयमा स्थानीय पाठ्यक्रमको रूपमा विपद् जोखिम न्युनीकरण शिक्षालाई लागू गर्न आवश्यक ब्यवस्था मिलाइनेछ ।
- जलवायु परिवर्तनलाई ध्यानमा राखी सार्वजनिक पोखरी तथा इनारहरूको संरक्षण गरिनेछ ।
- जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनीकरणका लागि युवा परिचालन अभियान संचालन गरिनेछ । विशेष समावेशी तथा जलवायुमैत्री कार्यक्रमहरू संचालन गरिनेछ ।
- विपद ब्यबस्थापनको लागि बिभिन्न ऐन, निर्देशिका, मापदण्ड तथा नीतिहरू निर्माण गरि लागू गरिनेछ ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- गाउँपालिकाको डिजिटल प्रोफाइल तयारीको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

- गाउपालिका तथा वडाबाट संचालन हुने विकास निर्माण कृयाकलाप तथा सेवा प्रवाहको वारेमा आम नागरिकलाई सुसुचित गर्न र नागरिकको चासो र सरोकारका विषयलाई प्रत्यक्ष सम्वाद गरी सम्वोधन गर्नका लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न तथा प्रभावकारी बनाउन मेलमिलापकर्ताको व्यवस्था गरी दक्षता अभिवृद्धि गरिनेछ।
- सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको तथ्यांक अद्यावधिक गर्न राष्ट्रिय परिचय पत्रको नम्बर अनिवार्य गरिनुका साथै बायोमेट्रिक प्रणालीलाई अनिवार्य गरिनेछ।
- उच्च प्रविधिको प्रयोग गर्नुपर्ने र ठूला लागत बाहेकका आयोजनाहरुको कार्यान्वयन उपभोक्ता समिति, सहकारी र सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाको न्यायीक समितिमा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने व्यवस्था मिलाइनेछ। यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गर्ने व्यवस्था मिलाइनेछ।
- युवालाई सरकारी सेवामा प्रवेशका लागि आवश्यक लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ।
- जेनजी आन्दोलनबाट श्रृजित परीस्थितीबाट मुलुकमा आम निर्वाचन भई प्राप्त भएको ताजा जनादेश अनुसार भ्रष्टाचार तथा आर्थिक अनियमीतता जस्ता क्रीयाकलापहरु माथि कडा निगराणीका साथै यस्ता कृयाकलापहरु हुन नदिन आवश्यक कदम कडाईका साथ चालीनेछ।
- सेवा प्रवाहलाइ सेवाग्राहीमुखी, पारदर्शी तथा सुचना प्रविधि मैत्री बनाउदै लगिनेछ।
- शारीरीक रुपमा अति अशक्त, कमजोर तथा विरामी शैयामा रहेका सामाजिक सुरक्षा भताको लाभग्राहीहरुलाइ घर मै सामाजिक सुरक्षा भताको व्यवस्था मिलाइनेछ।
- गत विगतका आ.व. हरुमा महालेखापरीक्षकको कार्यालय द्धारा लेखा परीक्षण गर्दा औंल्याएका बेरुजुहरु लाइ फर्छ्यौट गराइ साथै गत विगतका सभाहरुको निर्णयबाट अनुमोदन तथा फर्सौट भएका बेरुजुहरुलाइ समपरीक्षणका लागि आवश्यक कामकाज गरीनेछ।

## (च) वित्तीय व्यवस्थापन

- सेवाग्राहीलाई सेवा प्रवाह गर्नु अघि गाउँपालिकाको आर्थिक ऐन २०८१ मा तोकिएका कर, दस्तुर र सेवा शुल्क लिएर मात्र सेवा प्रवाह गरिनेछ। सेवा प्रवाह क्षेत्रसँग सम्बद्ध रकम नबुझाई सेवा दिएमा वा शुल्क दस्तुर छुट दिएमा सेवा प्रवाह गर्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
- प्रचलित ऐन, कानुन बमोजिम गाउँपालिकामा दर्ता भई संचालन हुनु पर्ने सबै प्रकारका व्यवसायलाई गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्न र गराउन लगाई सो को अभिलेख व्यवस्थित बनाउँदै लगिनेछ। यसका लागि साउन र भदौ महिनालाई ब्यवसाय दर्ता तथा नवीकरण महिनाको रुपमा अभियान संचालन गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेका पोखरी तथा हाट बजारहरुको उपयुक्त व्यवस्थापन र विकास गरी आन्तरिक आम्दानीको एक प्रमुख श्रोतको रुपमा विकसित गर्दै लगिनेछ।
- गाउँपालिका कार्यालयमा लिइने विभिन्न प्रकारका सेवा शुल्क, कर, दस्तुर, पञ्जीकरण आदि लगायतका कार्य प्रविधिमैत्री प्रणाली अबलम्बन गरिने छ।
- 

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक बर्ष ०८३/०८४ को बजेटको विवरण प्रस्तुत गर्दछु।

तिलाठी कोइलाडी गाउँपालिकाको आ.व.०८३/०८४ को कुल अनुमानित बजेट (आयतर्फ) ४३ करोड .३६ लाख ४४ हजार रुपैयाँ रहेको छ। कुल बजेटको चालुतर्फ .३२ करोड .२३ लाख .५०हजार र पूँजिगत तर्फ ११करोड १३लाख ४४ हजार रुपैयाँ रहेको छ। तिलाठी कोइलाडी गाउँपालिकाको कुल आन्तरिक आम्दानी ७८ लाख ६५ हजार रुपैयाँ अनुमान गरिएको छ। संघिय सरकारको वितिय समानीकरण अनुदान तर्फ रकम रु.११ करोड ०९ लाख संघयि शशर्त अनुदान रकम रु १९ करोड ३२ लाख संघिय राजश्व बाँडफाँड तर्फको रकम रु.९ करोड २४ लाख ७९ हजार त्यसैगरी प्रदेश सरकारको वितिय हस्तान्तरण अनुदान अन्तर्गतको वितिय समानीकरण अनुदान तर्फ रकम रु ८० लाख, शशर्त अनुदान रकम रु ५० लाख, विशेष अनुदान को रकम रु २५ लाख र

समपुरक अनुदानको रकम रु २५ तथा प्रदेश सरकारको राजश्व बाँडफाँड तर्फ रकम रु ३५ लाख साथै अन्य अनुदानहरुको रकम रु ३० लाख अनुमान गरीएको छ ।

**बिषयगत क्षेत्र, कार्यक्रम तथा बजेट**

**आर्थिक विकास** : आर्थिक विकासतर्फ कृषि, पशु विकास उद्योग र पर्यटन लगायतका विभिन्न योजनाहरुमा कुल बजेट को ८.१७ प्रतिशत विनियोजन गरिएको छ ।

**सामाजिक विकास** : सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैगिक समानता तथा सामाजिक समावेशिकरण, महिला, दलित, जेष्ठ नागरिकको क्षमता विकास लगायतका विभिन्न योजनाहरुमा कुल बजेटको ११.१६ प्रतिशत विनियोजन गरिएको छ ।

**पूर्वाधार विकास** : पूर्वाधार विकासतर्फका लागि स्थानीय सडक पुल पुलेसा सिंचाई, विद्युत र संचारका लगि विभिन्न योजनाहरुमा कुल बजेटको २७.५७ प्रतिशत विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापन** : वन वातावरण तथा विपद् ब्यवस्थापनतर्फका विभिन्न योजनाहरुमा कुल बजेटको विनियोजन गरिएको छ । जुन **१ दशमलव ३६** प्रतिशत हुन आउँछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन :** संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनतर्फका विभिन्न योजनाहरुमा कुल बजेटको **५१.७४** प्रतिशत विनियोजन गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, गाउँपालिकाका बासिन्दाहरुका साथै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, बुद्धिजीवि, समाजसेवी, राजनीतिकर्मी, पत्रकार लगायत प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैप्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोग पाउने आशा एवम् विश्वास लिएको छु । धन्यवाद ।